# मिथिला नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ढल्केवर, धनुषा
प्रदेश नं. २, नेपाल
(राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग सेवा इकाई)

पत्र सख्याः २०७८।०७९ मितिः२०७८।१०।२०
च.नं. ११५

श्री वडा कार्यालयहरु (वडा १ देखि ११ सम्म),
मिथिला नगरपालिका, ढल्केवर, धनुषा

विषयः घटना दर्ता किताबको अभिलेख हेर्न दिने सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली, २०७७ को नियम २४ तथा अनुसुची ३ अनुसार व्यक्तिगत घटना दर्ता हेर्न तपशिल अनुसारको दस्तुर लिई हेर्न दिने तथा सोको अभिलेख समेत राख्न तथा नगरपालिकामा घटना दर्ता अभिलेख हेर्न पठाउँदा वडा कार्यालयबाट सिफारिस गरि पठाउन हुन समेत अनुरोध छ ।

तपशिल:
अनुसुची ३ अनुसार

| क्र.सं. | सम्बन्धित नियम | विषय | शुल्क तथा दस्तुर |
|---|---|---|---|
| १ | नियम २४ को उपनियम (१) बमोजिम | व्यक्तिगत घटना दर्ता तथा नागरिक अभिलेख दर्ता किताब हेरेको दस्तुर | रु.२००।- |

बोधार्थः
१. सुचना प्रविधि उपशाखा
(वेबसाइट तथा सामाजिक सञ्जालमा अपलोड गरेदिनु हुन)
२. राजश्व शाखा, मि.न.पा.

रचिन्द्र डङ्गोल
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

विवरण सम्बन्धित दर्ता किताब, प्रमाणपत्र र पञ्जीकरण व्यवस्थापन सूचना प्रणालीमा समेत अद्यावधिक गर्नु पर्नेछ।

२४. **व्यक्तिगत घटना तथा नागरिक अभिलेख दर्ता किताब हेर्न दिने** : (१) ऐनको दफा २६ बमोजिम सम्बन्धित व्यक्तिले स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा रहेको व्यक्तिगत घटना तथा नागरिक अभिलेख दर्ता किताब हेर्नको लागि अनुसूची-३ बमोजिमको दस्तुर सहित निवेदन दिएमा सम्बन्धित स्थानीय पञ्जिकाधिकारीले त्यस्तो अभिलेख हेर्न दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिम कुनै व्यक्तिले स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा रहेको व्यक्तिगत घटना तथा नागरिक अभिलेख दर्ता किताब हेरेकोमा त्यस्तो कार्यालयले सोको अभिलेख राख्नु पर्नेछ।

२५. **घटना दर्ता सम्बन्धी विशेष व्यवस्था** : (१) प्रचलित कानून बमोजिम धर्मपुत्र वा धर्मपुत्री राख्ने व्यक्तिले घटना दर्ताको लागि स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा अनुसूची-२७ बमोजिमको ढाँचामा सूचना दर्ता गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम सूचना दर्ता गर्दा पति, पत्नी दुवैको तर्फबाट धर्मपुत्र वा धर्मपुत्री राखिएकोमा दुवै जना उपस्थित हुनु पर्नेछ।

(३) उपनियम (१) बमोजिम सूचना दर्ता भएपछि स्थानीय पञ्जिकाधिकारीले आवश्यक जाँचबुझ गरी धर्मपुत्र वा धर्मपुत्री राखिएको यकिन गरी उपयुक्त देखिएमा अनुसूची-२८ बमोजिमको दर्ता किताबमा अभिलेख राखी अनुसूची-२९ बमोजिमको प्रमाणपत्र जारी गर्नु पर्नेछ।

अनुसूची-३

(नियम ४ को उपनियम (८), नियम १३ को उपनियम (३), नियम १७ को उपनियम (२), नियम २१ को उपनियम (२), नियम २४ को उपनियम (१), नियम ३० को उपनियम (७), नियम ३६ को उपनियम (१) र (७) सँग सम्बन्धित)

दस्तुर तथा शुल्क

| क्र. सं. | सम्बन्धित नियम | विषय | शुल्क तथा दस्तुर |
|---|---|---|---|
| १. | नियम ४ को उपनियम (७) | परिचयपत्रको विलम्ब दस्तुर | रु.२००।- |
| २. | नियम १३ को उपनियम (३) | परिचयपत्रको प्रतिलिपि दस्तुर | रु.५००।- |
| ३. | नियम १७ को उपनियम (२) | (क) व्यक्तिगत घटना दर्ताको विलम्ब शुल्क (नेपालमा) | रु.२००।- |
| | | (ख) व्यक्तिगत घटना दर्ताको विलम्ब शुल्क (नेपाली नियोगमा) | २५ अमेरिकी डलर वा सो बराबरको स्थानीय मुद्रा |
| ४. | नियम २१ को उपनियम (२) | (क) व्यक्तिगत घटना दर्ता प्रमाणपत्रको नक्कल दस्तुर (नेपालमा) | रु.५००।- |
| | | (ख) व्यक्तिगत घटना दर्ता प्रमाणपत्रको नक्कल दस्तुर (नेपाली नियोगमा) | ३० अमेरिकी डलर वा सो बराबरको स्थानीय मुद्रा |
| ५. | नियम २४ को उपनियम (१) बमोजिम | (क) व्यक्तिगत घटना तथा नागरिक अभिलेख दर्ता किताब हेरेको दस्तुर (नेपालमा) | रु.२००।- |
| | | (ख) व्यक्तिगत घटना तथा नागरिक अभिलेख दर्ता किताब हेरेको दस्तुर (नेपाली नियोगमा) | २५ अमेरिकी डलर वा सो बराबरको स्थानीय मुद्रा |
| ६. | नियम ३० को उपनियम (७) | (क) परिचय नम्बर वा वैयक्तिक विवरणको प्रमाणीकरणको | रु.५।- |